# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः **३३**

मितिः **२०८१/०४/२४ गते बिहिवार,**

समयः **बिहान ११:०० बजे**

<u>**निर्णय**</u>

१. समितिको आजको बैठकमा समितिमा दफाबार छलफलका लागि प्राप्त भएको भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुहुने ४४ जना माननीय सदस्यहरु मध्ये यस बैठकमा उपलब्ध हुन सक्ने १७ जना माननीय सदस्यहरुलाई आमन्त्रण गरिएको थियो, जसमध्ये समितिको बैठकमा ५ जना माननीय सदस्यहरुको उपस्थिति रह्यो। बैठकमा उपस्थित आमन्त्रित माननीय सदस्यहरुमध्ये ४ जना माननीय सदस्यहरुले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभयो।

२. यसै सन्दर्भमा प्रस्तुत विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुहुने समितिका माननीय सदस्यहरु- माननीय सदस्य श्री गगनकुमार थापा, माननीय सदस्य श्री रघुजी पन्त, माननीय सदस्य श्री दुर्गा राई समेतले आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभयो।

३. यसै विधेयकका सम्वन्धमा समितिमा उठेका विषयहरुका सन्दर्भमा माननीय गृह मन्त्रीज्यूले नेपाल सरकारको तर्फबाट आफ्नो धारणा प्रस्तुत गर्नुभयो। अन्त्यमा समितिको अर्को बैठक मिति २०८१ श्रावण २७ गते बिहान ११ बजे बस्ने गरी आजको बैठक अन्त्य भयो।